# कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०७९।०८।२८

प स :०७९।०८०

च.न. 1050

विषय : युवाक्लब गठन सम्बन्धमा ।

श्री सबै वडा कार्यालय कैलारी गा.पा.

हसुलिया, कैलाली ।

प्रस्तुत विषय सम्बन्धमा चालु आ.व.२०७९।०८० मा राष्ट्रिय युवा परिषदबाट स्थानीय तहमा कार्यन्वयन हुने शर्सत अनुदान तर्फ युवाक्लव गठन गरी नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेकोले प्रत्येक वडा बाट युवाक्लव गठन तथा युवा संसद सञ्चालन कार्य विधि २०७५ को परिच्देद २ नियम ३ को उपनियम १,२,३,४,५, ६ र ७ अनुसार युवा क्लव गठन गरी एक जना महिला सहित अन्य दुई जना गरी जम्मा तीन जनाका दरले सम्बन्धित वडा क्लव कार्य समितिले छानी यस गा.पा.शिक्षा, युवा तथा खेलकुद शाखामा पौष महिनाको पहिलो हप्ता भित्र उक्त विवरण पठाउन हुन अनुरोध छ । युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ को परिच्देद २ नियम ३ को उपनियम हरु १,२,३,४,५,६ र ७ मा व्यवस्था भएको गठन प्रकियाको व्यवस्था यसैमा संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

२८

शाखा अधिकृत

## युवाक्लव गठन तथा युवा संसद  सञ्चालन कार्यविधि २०७५

## परिच्छेद - २

१. स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको संरक्षकत्वमा युवाक्लव गठन हुने छ ।

२.उपदफा (१) बमोजिम गठन हुने युवाक्वमा  सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समुहका सम्पुर्ण युवाहरु युवा क्लबका  साधारण सदस्य हुन सक्नेछन । यसका लागि सम्बन्धित वडा समितिले तोकेको समय भित्र उक्त उमेर समुहका युवाले सदस्यकालागि  सम्बन्धित वडासमितीको सचिवालयमा उमेर ठेगना  खुलेको प्रमाण सहित दर्ता गर्नु पर्ने छ । युवा क्लबका सधारण सदस्य चौबिस बर्ष उमेर पुरा भए पछी उक्त युवा क्लबको सदस्य रहेनेछैन ।

३.हरेक वडा मा गठन हुने  वडास्थरीय युवाक्लब कार्य समितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क प्राथकिताको समुहका युवाहरु मध्येबाट एक जना

ख विशेष प्राथमिकताको समुहका युवा हरुमध्येबाट एकजना

ग स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ युवा पत्रकार हरुमध्येबाट एकजना

ङ स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च स्थानीय कलाकार हरुमध्येबाट एकजना

छ स्थानीय सहकारीमा आवद्द युवाहरु मध्येबाट एवजना

ज स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ वडा भित्रका मेधावि विद्यार्थीहरुमध्येबाट एकजना  महिला सहित २ जना

ञ  वडापालिकाले खुला समुहबाट मनोति गरेका युवा ५ जना

४.    युवा क्लबका सदस्यहरुले अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफुहरु मध्येबाट छनौट गर्नेछन । उपयुक्त अनुसारको वडाक्लबको कुल सदस्य संख्यामा कम्तिमा पचास प्रतिसत महिलाको प्रतिनिधित्व हनुपर्ने छ ।

५. युवा क्लबका सदस्य चयन गर्नका लागि वडासमितिले थप कार्यविधि निमार्णगरी लागु गर्न सक्नेछ ।

६. युवाक्लबका पदाधिकारी हरुको पदावधि गठनभएको मितिले २ बर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जन क्षेत्र बाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने  निकायले बाकि अवधिका लागि मनोनित गरी पदपुर्ति गर्नेछ ।

७. वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यलयमा रहने छ ।

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश

शाखा अधिकृत